काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www.kankrebihar.com



राष्ट्रिय संस्करण | वर्ष : २५ | अंक : १६२ | बुधवार, ११ चैत, २०८२ | Wednesday, 25 Mar. 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रू. १०

मन्त्री चौलागाइँद्वारा ७५ दिने कार्यकालका उपलब्धि सार्वजनिक :

कर्णालीका रणनैतिक सडक विस्तार प्राथमिकतामा

'कर्णालीका अधिकांश जिल्लाहरू अझै पनि सडक पहुँचबाट पूर्ण रूपमा जोडिन सकेका छैनन्'

काँक्रेविहार संवाददाता
सुर्खेत, १० चैत

संघीय सरकारका भौतिक पूर्वाधार तथा यातायात मन्त्री माधवप्रसाद चौलागाइँले आफ्नो ७५ दिने कार्यकालका प्रमुख उपलब्धिहरू सार्वजनिक गरेका छन् ।

मन्त्रालयले जारी गरेको प्रतिवेदनमा रणनीतिक पहल, नीतिगत सुधार, आयोजना व्यवस्थापन तथा सडक पूर्वाधार विकासका क्षेत्रमा उल्लेखनीय प्रगति भएको दाबी गरिएको छ । प्रतिवेदन अनुसार २०८२ चैत १० गतेसम्मको अवधिमा नीतिगत तथा कानुनी सुधार, अन्तर-मन्त्रालय समन्वय, सडक तथा पुल निर्माण, रेलमार्ग तथा वैकल्पिक यातायात विकास, सेवा प्रवाह सुधार र विपद् व्यवस्थापन तथा पुनर्निर्माणका क्षेत्रमा विभिन्न कार्यहरू अघि बढाइएको छ ।

मन्त्री चौलागाइँको कार्यकालमा कर्णालीका रणनैतिक सडक विकास र विस्तारमा प्राथमिकता दिइएको छ । जसअन्तर्गत निर्माणाधीन भेरी करिडोर (जाजरकोट-दुनै-मरिम) अन्तर्गत लासिकाफदेखि सिसौलसम्म करिब ३३ किलोमिटर सडक खण्डमा दुई लेनको ट्र्याक निर्माण कार्य नेपाली सेनामार्फत अघि बढाउने निर्णय २०८२ चैत १ गते मन्त्रिपरिषद्बाट भएको उल्लेख छ । त्यस्तै, रारा राष्ट्रिय राजमार्ग अन्तर्गत जुम्ला खण्डमा पर्ने त्रिवेणी-गौतमबाडा-हाँकु-दानसाँघु-उर्थु सडकलाई रणनीतिक महत्वको सडकका रूपमा विकास गर्न फिल्ड अवलोकन तथा सहजीकरण गरिएको छ । मनाङ-मुस्ताङ-डोल्पा-जुम्ला-मुगु-सिमिकोट-हिल्सा सडकखण्डलाई 'हिमाली विविधता मार्ग'का रूपमा विकास गर्ने पहल पनि अगाडि बढाइएको मन्त्रालयले जनाएको छ । यसैबीच, जुम्लाको तिला नदीमा बेलीब्रिज जडानका लागि तातोपानी गाउँपालिकालाई जिम्मेवारी हस्तान्तरण गरिएको छ भने कालीकोटको तिलागुफा नगरपालिकास्थित तिला नदीमा बेलीब्रिज निर्माण गर्ने निर्णयसमेत गरिएको प्रतिवेदनमा उल्लेख छ । यी प्रतिनिधि सडक मात्रै भए पनि कर्णालीका सयौं सडक निर्माण कार्यका लागि मन्त्रालयले बजेट मार्फत जोड दिएको छ ।

मन्त्रालयले कर्णाली प्रदेशमा सडक सञ्जाल विस्तारलाई प्राथमिकतामा राख्दै दुर्गम क्षेत्रको पहुँच अभिवृद्धि गर्ने लक्ष्यसहित काम अघि बढाइएको जनाएको छ । कर्णाली प्रदेशमा सडक विकास र विस्तारलाई उच्च प्राथमिकतामा राखिनुका पछाडि भौगोलिक विकटता, सीमित पहुँच र आर्थिक गतिविधि विस्तारको आवश्यकता मुख्य कारणका रूपमा देखिएका छन् । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले दुर्गम बस्तीलाई राष्ट्रिय सडक सञ्जालसँग जोड्दै समग्र विकासलाई गति दिन सडक पूर्वाधारमा लगानी बढाइएको जनाएको छ । 'कर्णालीका अधिकांश जिल्लाहरू अझै पनि सडक पहुँचबाट पूर्ण रूपमा जोडिन सकेका छैनन्' मन्त्री चौलागाँईले भने, 'वर्षायाममा यातायात अवरुद्ध हुने, स्वास्थ्य तथा शिक्षा सेवामा पहुँच कठिन हुने जस्ता समस्यालाई समाधान गर्न सडक विस्तार अपरिहार्य थियो । त्यसैमा जोड दिइएको छ ।' सरकारले सडक सञ्जाल विस्तारमार्फत स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउने, पर्यटन प्रवर्द्धन गर्ने तथा रोजगारी सिर्जना गर्ने लक्ष्य लिएको छ । विशेष गरी हिमाली तथा पहाडी जिल्लाहरूलाई जोड्ने रणनीतिक सडक निर्माणलाई प्राथमिकतामा राखिएको छ । यसका साथै, विपद् व्यवस्थापन तथा उद्धार कार्यलाई छिटो र प्रभावकारी बनाउन पनि सडक पूर्वाधार महत्त्वपूर्ण हुने भएकाले कर्णालीमा सडक विकासमा जोड दिइएको मन्त्री चौलागाँईको भनाइ छ ।

७५ दिने अवधिमा विद्युतीय सवारी साधनको प्रवर्द्धनका लागि आवश्यक नीतिगत, कानुनी तथा संस्थागत व्यवस्था र वर्तमान अवस्था : अवसर, चुनौतीहरू तथा सम्भावना सम्बन्धमा अध्ययन गरी प्रतिवेदन प्राप्त भएको छ । 'सङ्घीय राजधानी सहरी क्षेत्र सार्वजनिक यातायात प्राधिकरण नियमावली' स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पेस गरिएको छ ।

भने मन्त्रालयले सार्वजनिक गरेको प्रतिवेदन अनुसार २०८२ चैत १० गतेसम्मको अवधिमा विभिन्न रणनीतिक पहल, नीतिगत तथा कानुनी सुधार, आयोजना व्यवस्थापन, अन्तर-मन्त्रालय समन्वय, सडक तथा पुल निर्माण, रेलमार्ग तथा वैकल्पिक यातायात, यातायात व्यवस्थापन तथा सेवा प्रवाह, र विपद् व्यवस्थापन तथा पुनर्निर्माणका क्षेत्रमा केही महत्त्वपूर्ण कार्यहरू सम्पन्न भएका छन् ।



यातायात नीति मन्त्रिपरिषदमा पेस

राष्ट्रिय यातायात नीति, २०५८ लाई अद्यावधिक गरी राष्ट्रिय यातायात नीति, २०८२ तर्जुमा गरी स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पेस गरिएको छ ।

यस अवधिमा तीन वटा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन वन तथा वातावरण मन्त्रालयमा सिफारिस गरिएको छ भने २२ वटा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन र तीन वटा संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत भएका छन् ।

यस्तै चौलागाईं मन्त्री बन्नुअघि नै भौतिक मन्त्रालयअन्तर्गतका २३५ वटा रुग्ण ठेक्कामध्ये ४० वटा ठेक्का तोडिसकेका थिए । बाँकी प्रक्रियामा रहेका डेढ सय ठेक्कामध्ये तोडिएका ठेक्काहरूको खरिद व्यवस्थापन गर्न पुनः ठेक्का आह्वानको प्रक्रिया थालिएको छ । नागढुङ्गा सुरुङ मार्ग सञ्चालनको लागि सेवा खरिद सम्बन्धी प्राविधिक तथा आर्थिक मूल्याङ्कन कार्य सम्पन्न भएको छ ।

यस्तै आँबुखैरेनी-मुग्लिन सडक खण्डको मार्गअधिकार (राइट अफ वे) सडक केन्द्रदेखि १५ मिटर दुवैतर्फ हुने गरी निर्धारण गरिएकोमा २०८२ चैत १ गते बसेको मन्त्रिपरिषद्को बैठकबाट सो क्षेत्रमा पर्ने निजी जग्गा प्राप्ति गर्ने निर्णय भएको छ ।

विकास निर्माणका सवालहरूमा वन तथा वातावरण मन्त्रालय र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबिच महत्त्वपूर्ण बैठक सम्पन्न भई सहकार्य र समन्वयका माध्यमबाट जटिलता समाधान गर्ने सहमति भएको छ । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र अर्थ मन्त्रालयबिच सडक क्षेत्रका गिट्टी-बालुवा प्रयोगसम्बन्धी जटिलता हटाउने र दोहोरो/तेहरो करको समस्या समाधानका लागि आगामी बजेटमा आवश्यक व्यवस्था गर्ने लगायतका विषयमा महत्त्वपूर्ण सहमति कायम भएको छ ।

भने सडक विभाग र अन्तर्गतबाट कुल १५९ किमि कालोपत्रे सडक, ३२ किमि माटे सडक, १५ किमि आवधिक मर्मत कार्य र ४६ वटा पुलको निर्माण सम्पन्न भएका छन् । नारायणी नदीमा सिग्नेचर ब्रिज निर्माण गर्न डिजाइन स्वीकृत भई निर्माण कार्य चालू रहेको छ । भने बागमती र तिनाउ नदीमाथि सिग्नेचर ब्रिज निर्माण कार्य सुरु गरिएको छ ।

चिनियाँ अनुदान सहयोगमा काठमाडौं चक्रपथ सडक अन्तर्गत कलङ्की-बसुन्धरा सडक खण्ड स्तरोन्नतिका लागि सरकारबाट कर छुटको निर्णय भएको र निर्माण कार्यको प्रक्रिया सुरु भएको छ । निर्माणाधीन पूर्व-पश्चिम रेलमार्गअन्तर्गत रौतहटको चोचा-निजगढ-रतनपुर खण्डको चोचा-रतनपुरसम्म २९ किमि क्षेत्रभित्रको केन्द्रेखाबाट दायाँ-बायाँ २५/२५ मिटरसम्म पर्ने करिब २७.५६ हेक्टर निजी जग्गा प्राप्ति गर्ने निर्णय २०८२ चैत १ गतेको मन्त्रिपरिषद्को बैठकबाट भएको छ ।

पूर्व-पश्चिम रेलमार्ग निर्माण कार्य अन्तर्गत बर्दिबास-चोचा खण्डको थप २०० मिटर ट्रयाकवेड निर्माण कार्य सम्पन्न भएको छ भने पूर्व-पश्चिम विद्युतीय रेलमार्गको चोचा-निजगढ-रतनपुर खण्डको अलाइनमेन्ट स्वीकृत भएको छ ।

२३ हजार लाइसेन्स प्रिन्ट

१२ लाख सवारी चालक अनुमतिपत्र छपाइका लागि यातायात व्यवस्था विभाग र सुरक्षण मुद्रण केन्द्रबिच समझदारी सम्पन्न भएकोमा यस अवधिमा २३ हजार १०६ थान अनुमतिपत्र प्रिन्ट तथा वितरण गरिएको छ ।

सार्वजनिक यातायातलाई सुरक्षित, सुलभ तथा प्रविधिमैत्री बनाउने सम्बन्धी मापदण्ड र राइड सेयरिङ सम्बन्धी राष्ट्रिय मापदण्डको मस्यौदा तयार भएको छ । पहिरोको कारण अवरुद्ध र अत्यन्त रुग्ण भएको काठमाडौं-कोदारी सडकअन्तर्गत सिन्धुपाल्चोकको इकोमा सडक स्तरोन्नति तथा पहिरो नियन्त्रणको कार्यको ठेक्का व्यवस्थापन भई कार्य सुरु गरिएको छ ।

बाढीबाट क्षतिग्रस्त बीपी राजमार्ग अस्थायी रूपमा तत्काल सञ्चालन र स्थायी रूपमा पुनर्निर्माणका लागि ठेक्का व्यवस्थापन गरिएको प्रतिवेदनमा उल्लेख छ ।

एसईई दिने विद्यार्थी घटे



काँक्रेविहार संवाददाता
काठमाडौं, १० चैत

यस वर्षको माध्यामिक शिक्षा परीक्षा (एसईई)मा सहभागी हुने विद्यार्थी घटेका छन् ।

गत वर्षको तुलनामा यस वर्ष चार हजार विद्यार्थी घटेको राष्ट्रिय परीक्षा बोर्डका परीक्षा नियन्त्रक टुकराज अधिकारीले बताए । अधिकारीका अनुसार, यस वर्ष ५ लाख १० हजार विद्यार्थीले एसईई परीक्षामा सामेल हुने भएका छन् । गत वर्ष ५ लाख १४ हजार ७१ विद्यार्थीले एसईई दिएका थिए ।

यस वर्ष एसईईमा सहभागी हुने विद्यार्थीमध्ये ६३ हजार एक्जाम्टेड छन् । त्यस्तै, जापानबाट २३ विद्यार्थीले एसईई दिने भएका छन् ।

राष्ट्रिय परीक्षा बोर्डले एसईईको तयारी अन्तिम चरणमा पुगेको जनाएको छ । केही जिल्ला मात्रै प्रश्नपत्र पठाउन बाँकी रहेको परीक्षा नियन्त्रक अधिकारीले बताए ।

परीक्षाका लागि प्रश्नपत्र, सिम्बोल नम्बर, उत्तरपुस्तिका र अन्य सामग्री चैत्र १४ गतेसम्म सबै जिल्लामा पुऱ्याइसकिने उनले बताए । उनका परीक्षालाई मर्यादित बनाउन चार वटा सुरक्षा निकायको केन्द्रीय सुरक्षा समितिसँग छलफल गरिएको छ । यस वर्षको एसईई चैत १९ देखि २९ गतेसम्म सञ्चालन हुँदै छ । फागुन २१ गतेको निर्वाचनका कारण एसईई परीक्षा दुई साता सारिएको हो । एसईईको नतिजा असारको तेस्रो साता प्रकाशन गर्ने योजना रहेको बोर्डले जनाएको छ ।

बक्यौता नतिर्ने ग्राहकको विद्युत् लाइन काटिने

काँक्रेविहार संवाददाता
सुर्खेत, १० चैत

नेपाल विद्युत् प्राधिकरणको सुर्खेत कार्यालयले समयमै बक्यौता नतिर्ने ग्राहकको विद्युत् लाइन काट्ने चेतावनी दिएको छ ।

सोमबार एक सूचना जारी गर्दै विद्युत् लाइन काट्ने चेतावनी दिएको हो । प्राधिकरणका अनुसार सुर्खेत वितरण केन्द्र अन्तर्गत ४ महिना भन्दा बढी र १० हजार भन्दा बढी बाँकी बक्यौता भएकाहरूको संख्या ७८२ छ ।

'यदि बक्यौता रकम ७ दिन भित्र भुक्तानी नगरेको खण्डमा नियमानुसार लाइन काटी बाँकी बक्यौता असुलिको प्रक्रिया अगाडि बढाइने छ,' प्राधिकरणले भनेको छ ।

रिपोर्टको पर्खाइमा अड्किएको इनिसा केस

काँक्रेविहार संवाददाता
वीरेन्द्रनगर, १० चैत

१६ वर्षीया इनिसा विकको मृत्यु प्रकरणको अनुसन्धान अझै टुंगोमा पुग्न नसक्दा चासो र चिन्ता बढ्दै गएको छ । घटना भएको १८ दिन बितिसक्दा पनि स्पष्ट निष्कर्ष नआएपछि कर्णाली प्रदेशसभामै यस विषयमा प्रश्न उठाइएको छ । बिहीबारदेखि सुरु भएको कर्णाली प्रदेशसभा बैठकमा बोल्ने अधिकांश प्रदेश सांसदहरूले अनुसन्धानमा ढिलाइ भएको भन्दै सम्बन्धित निकायको ध्यानाकर्षण गराएका छन् । प्रदेश सांसदहरूले घटनाको निष्पक्ष, छिटो र पारदर्शी छानबिन हुनुपर्ने माग गर्दै पीडित परिवारलाई न्याय दिलाउन सरकार गम्भीर हुनुपर्ने बताएका छन् । केही प्रदेश सांसदहरूले यस्ता घटनालाई रोक्न कडा कानुनी व्यवस्था आवश्यक रहेको पनि औंल्याएका छन् ।



यता, पीडित परिवारले न्याय नपाएसम्म शव नबुझ्ने अडान लिएको छ । इनिसाका बुबाले घटनालाई गम्भीर अपराधको रूपमा लिँदै निष्पक्ष अनुसन्धान नभएसम्म आफूहरू पछि नहट्ने बताएका छन् । परिवारले दोषीलाई कडा कारबाही हुनुपर्ने माग दोहोर्याएको छ । प्रहरीका अनुसार घटनाको अनुसन्धान विभिन्न चरणमा जारी छ । केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी), डिजिटल विश्लेषण, पोलिग्राफ परीक्षण तथा अन्य वैज्ञानिक विधिबाट अनुसन्धान भइरहेको जनाइएको छ । यद्यपि ती सबैको अन्तिम रिपोर्ट आउन बाँकी रहेकोले निष्कर्षमा पुग्न ढिलाइ भएको बताइएको छ ।

जिल्ला प्रहरी कार्यालय सुर्खेतका अनुसार मृतकको मोबाइल डाटा विश्लेषण, विधि विज्ञान प्रयोगशालाको रिपोर्ट तथा अन्य प्राविधिक प्रतिवेदन प्राप्त भएपछि मात्र घटनाको पूर्ण चित्र स्पष्ट हुने अपेक्षा गरिएको छ । हालसम्मको प्रारम्भिक अनुसन्धानले सामूहिक बलात्कार भएको ठोस प्रमाण नदेखिएको प्रहरीको भनाइ छ । तर परिवार, आफन्त र अधिकारकर्मीहरूले भने सामूहिक संलग्नता भएको आशंका व्यक्त गर्दै अनुसन्धानको निष्पक्षतामाथि प्रश्न उठाइरहेका छन् ।

पोस्टमार्टम रिपोर्टमा संवेदनशील अङ्गमा गम्भीर चोट र अत्यधिक रक्तश्रावका कारण मृत्यु भएको उल्लेख गरिएको छ । यद्यपि अन्तिम निष्कर्षका लागि थप परीक्षण रिपोर्टहरू आउन बाँकी छन् । प्रहरीले अनुसन्धानलाई निष्कर्षमा पुऱ्याउन बाँकी सबै रिपोर्टहरू एकीकृत गरेर अन्तिम प्रतिवेदन तयार गर्ने जनाएको छ । घटनाले राष्ट्रिय स्तरमै ध्यान तानेको अवस्थामा छिटो, पारदर्शी र विश्वसनीय अनुसन्धानको माग झन् तीव्र बन्दै गएको छ ।

विपद् प्रतिकार्यमा स्रोत साझेदारी गर्दै सुर्खेतका स्थानीय तह

काँक्रेविहार संवाददाता
सुर्खेत, १० चैत

सुर्खेतका नौ वटै स्थानीय तहले प्राकृतिक विपद्सँग लड्न स्रोत साझेदारी गर्ने भएका छन् । मंगलबार वीरेन्द्रनगरमा आयोजित एक कार्यक्रममा विपद्सँग लड्न स्रोत साझेदारी गर्ने सहमति भएको हो ।

मौसमी प्रकोपजन्य विपद् पूर्वको तयारी र विपद्पछिको प्रतिकार्यसँग लड्न उपलब्ध स्रोत, साधन र प्रविधिको साझेदारी गर्ने पालिकाबीच समझदारी भएको हो ।

जसका लागि अपत्कालिन सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि-२०८२ बनाइएको छ ।

यो कार्यविधिमार्फत जिल्लाका नौ वटै स्थानीय तहमा आपत्कालिन सेवाका क्रममा विपद् प्रतिकार्यका लागि आवश्यक मानवीय, आर्थिक तथा प्राविधिक स्रोत साधानको व्यवस्थापन गरी अन्तर स्थानीय तह आपत्कालिन सेवालाई व्यवस्थित बनाइने छ ।

जिल्ला समन्वय समितिको आयोजना तथा युरोपियन युनियनको आर्थिक सहयोगमा मंगलबार गाउँपालिका तथा नगरपालिका प्रमुखहरूको उपस्थितिमा अन्तरपालिकास्तरीय स्रोत साझेदारी संयन्त्र निर्माण तथा सिकाई आदानप्रदान कार्यशालामार्फत अपत्कालिन सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधिलाई अन्तिम रूप दिन समिति गठनसमेत गरिएको छ ।

समितिले कार्यविधिको मस्यौदामाथि आवश्यक अध्ययन गरी अन्तरपालिका साझेदारीको मोडालिटी तय गर्नेछ ।

सुर्खेत जिल्लाभित्र रहेका स्थानीय तहबीच समन्वय, सहकार्य, सहलगानी र एक आपसमा सिकाई आदानप्रदान गर्ने र विपद पूर्वतयारी तथा प्रतिकार्यलाई प्रभावकारी गराउन जिल्लास्तरमा अन्तरपालिका सञ्जालको आवश्यकता महसुस गरिएको पालिका प्रमुखहरूले बताएका थिए ।

विपद्को समयमा आवश्यक पर्ने उद्दार, राहत तथा पुनर्स्थापना लागि आवश्यक खाद्यान्न, लत्ता कपडा, स्वास्थ्य सेवा, अस्थायी आवास आदि जस्ता अत्यावश्यक सेवा प्रवाहमा अन्तरपालिका सहयोग आदान प्रदानका व्यवहारिक अभ्यास हुँदै आएको छ ।

यसलाई थप सुदृढ र व्यवस्थित गरी संशाधनमा पनि सहयोग पुऱ्याउन अन्तरपालिका संयन्त्रको दस्तावेज तयार गरी अघि बढ्न लागिएको जिल्ला समन्वय समितिका प्रमुख गंगाराम सुनारले बताए ।

सम्पादकीय

कर्णालीलाई प्राथमिकता देऊ

नेपालको संघीय संरचनामा सन्तुलित विकासको सबैभन्दा ठूलो परीक्षा कर्णालीमा हुन्छ । दुर्गम भौगोलिक अवस्था, न्यून राजस्व क्षमता र दशकौंदेखिको विकास पछ्यौटेपनले ग्रसित यो प्रदेशलाई समान स्तरमा उभ्याउन विशेष नीति र स्रोतको आवश्यकता सधैं औंल्याइँदै आएको छ । यही सन्दर्भमा कर्णाली प्रदेशलाई सबैभन्दा बढी अर्थात १० अर्ब ६३ करोड २३ लाख रूपैयाँ–वित्तीय समानीकरण अनुदान सिफारिस हुनु सकारात्मक संकेत हो । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको यो सिफारिस केवल रकमको हिसाब मात्र होइन, राज्यले आफ्ना सबैभन्दा कमजोर भूभागलाई कत्तिको प्राथमिकता दिन खोजेको छ भन्ने संकेत पनि हो । कर्णालीलाई उच्च प्राथमिकतामा राख्नु न्यायोचित मात्र होइन, आवश्यक कदम पनि हो । तर अँझै पनि प्रश्न उठ्छ कि, के केवल बढी अनुदानले कर्णालीको दीर्घकालीन समस्या समाधान हुन्छ त ? विगतका अनुभवले देखाउँछन् कि स्रोतको अभाव जति समस्या हो, स्रोतको प्रभावकारी उपयोग नहुनु पनि त्यत्तिकै चुनौतीपूर्ण छ । त्यसैले अबको बहस रकमको परिमाणभन्दा बढी यसको उपयोगको गुणस्तरमा पनि केन्द्रित हुनुपर्छ ।

आयोगले सशर्त अनुदानमा कडाइ गर्दै टुक्रे र साना आयोजनामा खर्च रोक्न सुझाएको छ । यो कदम स्वागतयोग्य छ । वर्षौंदेखि 'सानातिना योजना'को नाममा खर्च भएको बजेटले न त दीर्घकालीन प्रभाव दिएको छ, न त संरचनागत परिवर्तन नै । कर्णालीजस्ता प्रदेशमा अब सडक, स्वास्थ्य, शिक्षा, ऊर्जा र रोजगारी सिर्जनासँग प्रत्यक्ष जोडिएका ठूला तथा परिणाममुखी आयोजनामा लगानी केन्द्रित गर्नुपर्छ । त्यसैगरी, कार्यसम्पादनमा आधारित अनुदान प्रणालीले प्रदेश र स्थानीय तहलाई उत्तरदायी बनाउने सम्भावना बोकेको छ । राम्रो काम गर्नेले थप चार प्रतिशत अनुदान पाउने व्यवस्था प्रोत्साहनमूलक छ, तर यसलाई पारदर्शी र निष्पक्ष रूपमा कार्यान्वयन गर्न सके मात्र यसको सार्थकता रहन्छ । आन्तरिक ऋणको सीमा निर्धारण पनि अर्को महत्वपूर्ण पक्ष हो । तर व्यवहारमा प्रदेश र स्थानीय तहले ऋण लिन नसक्नुले संघीय प्रणालीमा अझै विश्वास र समन्वयको अभाव देखाउँछ । कर्णालीजस्ता प्रदेशका लागि उत्पादनमुखी क्षेत्रमा लगानी गर्न ऋण परिचालनलाई सहज बनाउनु अपरिहार्य छ, तर त्यसका लागि स्पष्ट कानुनी संरचना र राजनीतिक इच्छाशक्ति आवश्यक छ । सबैभन्दा महत्वपूर्ण कुरा, कर्णालीलाई प्राथमिकता दिनु भनेको केवल बजेट बढाउनु मात्र होइन–नीतिगत स्थिरता, प्रभावकारी कार्यान्वयन र स्थानीय आवश्यकता अनुसारको विकास मोडेल निर्माण गर्नु पनि हो । केन्द्रबाट थोपरिएका योजनाभन्दा स्थानीय माग र यथार्थमा आधारित कार्यक्रमले मात्र दीर्घकालीन परिवर्तन ल्याउन सक्छ ।

आयोगले गरेको सिफारिसमा संघ, प्रदेश तथा स्थानीय तहले उठाउनसक्ने आन्तरिक ऋणको सिलिङ समेत निर्धारण गरिएको छ । यसमध्ये संघलाई अनुमानित कुल गार्हस्थ्य उत्पादन (जीडीपी) को ५.५ प्रतिशतको सीमालाई यथावत् राखिएको छ । अहिलेको ६१ खर्ब ७ अर्ब रूपैयाँको अर्थतन्त्र अनुसार यो ३ खर्ब ३५ अर्ब रूपैयाँ हुन आउँछ । अर्कोतिर प्रदेश र स्थानीय तहले आफ्नो विकास निर्माणका लागि लिन सक्ने आन्तरिक ऋणको सीमा आन्तरिक आयको १२ प्रतिशत तोकिएको छ । तर, यतिका आधारमा मात्रै ऋण लिन भने पाइने छैन । यसका लागि लागत-लाभ विश्लेषण र प्रतिफलको सुनिश्चितता समेत गर्नु पर्नेछ । यसरी ऋण लिनुपूर्व प्रदेशको हकमा संघीय सरकार र स्थानीय तहको हकमा संघीय र प्रदेश सरकारको अनुमति लिनुपर्ने व्यवस्था छ । त्यसैले कर्णालीको विकास केवल कर्णालीको मुद्दा होइन, यो राष्ट्रिय समृद्धिको आधार हो । जबसम्म कर्णाली उठ्दैन, नेपाल समृद्ध हुन सक्दैन । त्यसैले अहिले गरिएको प्राथमिकता घोषणामा सीमित नहोस् । संघीय सरकारले यसलाई व्यवहारमा उतार्ने दृढ प्रतिबद्धता देखाओस् ।

देश बनाउने हो भने अहिलेलाई यत्ति गरौं



> नागरिकको सोच फेरिएन भने देश फेरिँदैन । देश बनाउने जिम्मा कुनै एक नेता, कुनै एक दल वा कुनै एक चुनावको मात्रै होइन, यो त हामी सबै नागरिकको साझा अभियान हो ।

बुद्धिसागर मरासिनी

पछिल्लो समय सामाजिक सञ्जाल, चिया पसल, कफी शप र टोल-छिमेकमा देश बनाउने चर्चा परिचर्चा हुने गरेको छ । देश बनाउने कुरा उठ्यो कि हामी प्रायः भावुक हुन्छौं । हामी भाषणमै देश बनाउँछौं । फेसबुकका स्टाटसमा बनाउँछौं । चिया पसलमा देश चलाउँछौं । भट्टीहरूमा एकाएक हाम्रो राष्ट्रियता जाग्छ, 'गोर्खालीको सन्तान' भन्दै वीरताको जोश चढ्छ र स्वाभिमानी नेपाली बन्छौं ।

के देश यसरी नै बन्छ त ? हामी सही दिशामा छौं त ?

तर, आमनागरिकका हैसियतले हामीले व्यवहारमा के गरिरहेका छौं, र देशलाई कता लगिरहेका छौं भन्ने मनन गर्दैनौं । खासमा हामीले आफैंलाई कहिल्यै प्रश्न सोध्न सोध्दैनौं र चाहँदैनौं । किनकि, त्यस्तो प्रश्नले हामी आफैंलाई अप्ठ्यारोमा पार्छ ।

अहिले देश नयाँ सरकार पाउने तरखरमा छ । अस्थिरता, अविश्वास र निराशामाझ भएको चुनावले 'नयाँ'को पक्षमा अप्रत्यासित नतिजा दिएको छ ।

चुनावी दौरान नयाँ र पुरानाबीचको छोइछिटो र दल बदलको चर्को प्रतिस्पर्धा खुब चल्यो । हिजोसम्म पुरानो दलमा रहेर राज्यको दोहनमा रमाइरहेकाहरू पनि नयाँको पगरी गुथेर संसद पुगिसकेका छन् । जनताले नयाँ भनेर विश्वास गरेकाहरूको दुई-चार दिनको चर्तिकलाले नै जनता स-शङ्कित हुने अवस्था आउन थालेको छ ।

आजको प्रतिस्पर्धा देश बनाउनेभन्दा पनि कसले कसलाई लछार्ने र पछार्ने भन्ने होडबाजीमा सीमित देखिन्छ । नीति, दृष्टि र दर्शनभन्दा बढी व्यक्तिगत आक्रोश, प्रतिशोध र अहंकारको प्रदर्शन भइरहेको छ । चुनाव लोकतन्त्रको पर्व हुनुपर्नेमा त्यो व्यक्तिगत नाफाघाटाको अवसर बन्यो । राजनीतिले पत्रकारिता सिकाएको र पत्रकारिताले नेतागिरी गरेको छर्लङ्ग भयो ।

कतिपय पत्रकार नेताको प्रवक्ताजस्तै छन्, कतिपय नेता पत्रकारभन्दा बढी टिप्पणीकार बनेका छन् । पत्रकारिताबाट निष्पक्षता हराउँदै गएको छ । अधिकांश पत्रकारहरू नुनको सोझो गर्ने र शक्तिको पुजारी बन्ने दौडमा छन् । सत्यभन्दा बढी आफ्नो गुटको रक्षा-प्रतिरक्षा प्राथमिकतामा छ ।

अभूतपूर्व विद्रोहले बीचैमा गराएको चुनावका क्रममा पनि अभूतपूर्व दृश्य देख्न पाइयो । हिजोसम्म आफ्नै पेशामा असफल र बदनाम भएकाहरू देश बनाउने डम्फु फुक्दै चुनावी मैदानमा उत्रिए । अझ अनौठो त के भने, अरुको दया, अनुदान र सहयोगमै जीवन गुजारा गर्नेहरू एकाएक 'भयङ्कर समाजसेवी' बने । सामाजिक सञ्जालबाटै क्रान्ति गरेको भ्रममा बाँचेका धेरै पात्र आज संसद्को लोगो लगाउने स्थानमा पुगेका छन् ।

विचित्र छैन त हाम्रो देश ?

कुरा यतिमै टुङ्गिँदैन, गम्भीर प्रश्न के हो भने त के चुनावकेन्द्रित नारा, आश्वासन र वाचाले मात्रै देश बन्छ त ? हामीले तीन दशकभन्दा बढी समयदेखि यही अभ्यास गरिरहेका छौं । नारा फेरियो, सरकार फेरियो, संविधान फेरियो, तर नागरिकको दैनिक जीवनमा के-कति परिवर्तन आयो त ? यो प्रश्नको उत्तर हामी सबैलाई थाहा छ । यसको जवाफ हाम्रो अवस्था र हैसियतले प्रस्ट रूपमा दिइरहेकै छ ।

देश तबसम्म बन्दैन, जबसम्म हामीले आफ्नो हैसियत बुझ्दैनौं । हामीले आफ्नो अधिकार त कण्ठस्थ गरेका छौं, तर कर्तव्य बिर्सिएका छौं । अधिकार माग्न जान्ने धेरै छन्, जिम्मेवारीबोध गर्न र निभाउन तयार नागरिकको संख्या निकै कम छ ।

हामी आत्मनिर्भर हुन सकेनौं भने देश आत्मनिर्भर हुँदैन । यो कटु सत्य हो । तर, आत्मनिर्भरता केवल ठूलो उद्योग, ठूला परियोजना वा निर्यातको कुरा मात्र होइन, यो सोच र व्यवहारको पनि कुरा हो ।

हामी नियम पालना गर्दैनौं, तर कानुन कडा भएन भनेर गुनासो गर्छौं । ट्राफिक प्रहरी नदेखे रातो बत्तीलाई पनि वास्ता गर्दैनौं । लेन अनुशासनलाई मजाक ठान्छौं । सार्वजनिक सवारी तोकिएको स्थानमा नरोक्ने, क्षमताभन्दा बढी यात्रु चढाउने त सामन्य नै भइसक्यो ।

बैंक, पेट्रोल पम्प, सरकारी कार्यालय, अस्पताल, पसलमा पालो मिच्न पाए खुसी मान्छौं । नियम उल्लंघनलाई सामान्य ठान्छौं ।

के यही व्यवहार र नियतले देश बन्ला त ? बिल्कुल बन्दैन । पूर्वाधार र संरचना त विकसित होलान्, तर हामीभित्रको संस्कार विकसित नभएसम्म अवस्था उस्तै हुन्छ । देश बनाउने हो भने सुधारको सुरुवात हरेक नागरिकले आफैंबाट गर्नुपर्छ । ठूल्ठूला परिवर्तनहरू सधैं साना अभ्यासबाट सुरु हुन्छन् । नागरिक संस्कार बलियो नभएसम्म कुनै पनि व्यवस्था सफल हुँदैन, चाहे त्यो लोकतन्त्र होस्, समाजवाद होस् वा अन्य कुनै 'वाद' ।

हामीलाई यस्तो समस्याले गाँजेको छ कि हामी रातारात कायापलट भएको हेर्न चाहन्छौं । तर, आफू परिवर्तन हुन चाहँदैनौं ।

सामाजिक सञ्जालमार्फत रातारात कसैलाई देवत्वकरण र दानवीकरण गर्न हामी माहिर भइसकेका छौं । हामी आफूले जे सोच्यो त्यो मात्रै सत्य ठान्छौं । त्यस बाहिर पनि दुनियाँ छ, र अरुको पनि फरक बुझाइ हुनसक्छ भन्ने न कहिल्यै सोच्छौं, न त सम्मान गर्न नै सक्छौं ।

कसैले आफूलाई मन नपर्ने अभिव्यक्ति सार्वजनिक गरे भने सामाजिक सन्जालमार्फत निकै तल्लोस्तरको गालीगलौजमा उत्रिन्छौं ।

देश विकास हुन नागरिक सचेत हुन जरुरी छ, एकअर्कालाई सम्मान गर्न जरुरी छ । एकअर्काको भाषा बुझ्न जरुरी छ ।

मलाई त यस्तो लाग्छ- हामीले सामाजिक सञ्जाल मात्रै राम्रोसँग चलाउन जान्यौं भने पनि देश सुधारको बाटोमा अघि बढ्छ । सही दिशा पहिल्याउँछ ।

ट्राफिक बत्ती र लेन अनुशासन पालना गरौं । अत्यावश्यक नभएसम्म हर्न बजाउने बानी त्यागौं । तोकिएको गतिमा सवारी चलाउने गरौं । जेब्रा क्रसिङ देखेपछि हुइँकिने होइन, सवारी साधनको गति कम गरौं । ट्याक्सी चालक भए 'हाउ मच' त्यागौं । सार्वजनिक सवारीहरूले क्षमताअनुसार मात्र यात्रु चढाउँ र तोकिएको स्थानमा मात्र रोक्ने गरौं ।

बैंक, पेट्रोल पम्प, सरकारी कार्यालय, हस्पिटल, पसल वा अन्य स्थानमा पालो नमिचौं । वृद्धवृद्धा, अशक्त तथा फरक क्षमता भएका व्यक्तिहरूलाई प्राथमिकता दिने गरौं ।

सार्वजनिक स्थानमा फोहोर नगरौं । बस माइक्रोबस या कारमा बसेर सडकमा पिच्च नथुकौं । बिस्कुट, चाउचाउ, लेज, कुरकुरे, चुइङगम, केरालगायतका खोल गाडीबाट सडकमा फुत्त फाल्ने बानी त्यागौं ।

इमानदारीलाई कमजोरी नठानौं । आफ्नो पेशामा इज्जत खोजौं । अरुलाई दोष दिनुअघि कम्तिमा १० पटक सोच विचार गरौं । आफ्नो घर, आफ्नो टोल, आफ्नो बारीबाट सुधार सुरु गरौं ।

सानोतिनो भए पनि खेती किसानी गरौं, र साग सब्जी तरकारीहरू घरमै फलेको खाऔं । सबैभन्दा पहिला आफ्नो किचनलाई आत्मनिर्भर बनाऔं ।

यसले केवल पेट मात्र होइन, आत्मसम्मन पनि भरिन्छ । देश आत्मनिर्भरताको यात्रा सिंहदरबारबाट होइन, भान्साबाट सुरु हुन्छ भन्ने कुरा बुझ्नैपर्ने समय आएको छ ।

हामी सधैं सरकारलाई दोष दिन्छौं । तर, सरकार हामीजस्तै नागरिकबाट बनेको संरचना हो । कमजोर नागरिकबाट बलियो सरकार जन्मिँदैन । देशको विकासका लागि चुनावको दिन मात्रै जाग्ने होइन, चुनावपछि पनि प्रश्न गर्ने, निगरानी गर्ने र नियम कानुन पालना गर्ने नागरिक चाहिन्छ । जनता सही बाटोमा हिँडेपछि नेताहरू स्वतः बाटो बदल्न बाध्य हुन्छन् ।

चुनाव आउँछन्, जान्छन् । नारा फेरिन्छन्, अनुहार पनि फेरिन्छन् । तर, नागरिकको सोच फेरिएन भने देश फेरिँदैन । देश बनाउने जिम्मा कुनै एक नेता, कुनै एक दल वा कुनै एक चुनावको मात्रै होइन, यो त हामी सबै नागरिकको साझा अभियान हो ।

देश बनाउने हो ?

अहिलेलाई यति मात्रै गरौं न, पहिले हामी सबै जिम्मेवार नागरिक बनौं न ।

के सबै पुरूष 'बलात्कारी' हुन् ?



✍ सीता न्यौपाने

घरमा पूजा थियो । टाढा-टाढाका पाहुना आएका थिए । वर्षौंवर्ष भेट नभएका आफन्तलाई घरपूजाले भेट जुराएको थियो । घरभरी रौनक थियो । लाखबत्ती बाल्ने, हवन गर्ने र भजन उत्तिकै रमाइलो थियो । रातिको ११ बजेपछि सबैलाई निद्राले गलाउँदै लग्यो । छिमेकी आ-आफ्नो घर गए । नजिकैका आफन्त पनि गए । तर जो टाढाबाट अथवा पहाडतिरबाट आएका पाहुना थिए । उनीहरुलाई सुत्ने बन्दोबस्त गरिएको थियो ।

स-साना केटोकटीसँग आएका पाहुना अर्थात् महिला दिदीबहिनीलाई घरको कोठाकोठामा विस्तारा लगाइएको थियो । पुरुष पाहुनालाई घरको छतमा सुत्ने व्यवस्था गरिएको थियो । कसैलाई गल्लीमा पनि विस्तारा लगाइएको थियो । दाइ र म पाहुनाको सहजताको लागि लागिपर्‍यौं । सबैको व्यवस्था मिलाएपछि खाली ठाउँ भनेको बैठक कोठा मात्रै रह्यो ।

उक्त कोठामा एउटा सानो लो-बेड थियो । एकजना मात्रै सुत्न मिल्ने । दाइले मलाई भुइँमा आफूलाई विस्तारा लगाइदिन भन्नुभयो । सबैको व्यवस्थापन गर्दागर्दै घडीले १२ बजाइसेकेको थियो । बिहान पनि चाँडै उठ् नुपर्ने भएकाले मैले कति पनि हतार नगरी दाइलाई भुइँमा विस्तारा लगाइदिएँ ।

अब मज्जाले सुत्छु भनेको मेरो मन गरुङ्गो हुँदै गयो । भुइँमा सुतेको दाइ चलबलाउँदा पनि झसङ्ग भएँ । घरको भित्तातिर फर्किएर पल्टेको म सोडा हालेको पिठोभन्दा बढी फुल्न थालेँ । आफ्नै दाइले बलात्कार गरेका समाचार बन्द आँखा अगाडि सलबलाउन थाले । आफ्नै बुवा र काकाले बलात्कार गरेको समाचारले दुःख दिन थाले । आफ्नै दाइमाथि शंकाको घेराले मलाई बैचन बनायो ।

दाइ मज्जाले निदाउँदा म एक झिमिक निदाउन सकिन । करिब साढे ४ बजे दाइ उठेर कोठाबाट निस्कनु भयो । दाइको सधैं उठ्ने समय त्यही थियो । दाइ निस्केपछि मैले आफूलाई हलुका पाएँ । मनमनै आफैंलाई धिक्कारेँ र माफी मागेँ । देउता जस्तो दाइमाथि शंका गरेँ भन्ने कुराले आत्मा पोल्यो । तर पनि एकैछिनमा निदाएँछु ।

बिहान ७ बजे दाइले चिया लिएर मलाई उठाउन आउनुभयो । दाइले मेरो खुट्टामा हातले स्पर्श गर्दै नानी उठ्, अब उठ् भन्दै हुनुहुन्थ्यो । म विस्तारै उठेँ र चियाको कप समातेँ । मेरो 'वेड टी' खाने बानी थियो । त्यही भएर दाइले विस्तारामै ल्याइदिनुभएको थियो । निद्रा त खुल्यो तर मैले रातभर दाइमाथि गरेको शंकाले नजर मिलाउन सकिन ।

सानो छँदा दाइले आमाले भन्दा धेरै हेरचाह गर्नुभयो । मलाई नुहाइदिने, तेल लगाइदिने, कपाल कोरीबाटी गरिदिने, क, ख लेख्न सिकाउने सबै दाइले गर्नुभएको हो । तर त्यही दाइमाथि मनमा पापी शंका उब्जियो । त्यो शंकाले लगभग मलाई बिरामी जस्तो बनायो । शायद यस्तो धेरैलाई हुन्छ ।

बलात्कारसम्बन्धी समाचार आइपुग्ने बित्तिकै हामी घरकै पुरुष सदस्यमाथि दोषारोपण गर्न थाल्छौं । त्यो घटना वा त्यसखाले समाचारले महिलालाई मानसिक रुपमा ठुलो र नकारात्मक प्रभाव पार्छ ।

जब बलात्कार र बलात्कारपछि हत्या भएका घट्ना आउँछन्, तब हामी घरकै पुरुष सदस्य बुवा, दाइ, काका, मामामाथि शंका गर्न थाल्छौं । बलात्कारसम्बन्धी समाचार आइपुग्ने बित्तिकै हामी घरकै पुरुष सदस्यमाथि दोषारोपण गर्न थाल्छौं । त्यो घटना वा त्यसखाले समाचारले महिलालाई मानसिक रुपमा ठुलो र नकारात्मक प्रभाव पार्छ ।

फागुन २३ गते सुर्खेतमा १६ वर्षीया इनिसा विकको बलात्कारपछि हत्या भयो । वीरेन्द्रनगरमा रहेको उषा बालबाटिका स्कुलमा कक्षा ११ मा पढ्ने उनी आफ्नै 'क्लासमेट'बाटै बलात्कृत मात्र भइनन् ज्यानसमेत गुमाउनु पर्‍यो । शनिबार छुट्टीको दिन आमालाई झूट बोलेर जुन साथीहरु भेट्न गएकी थिइन्, उनीहरुले नै ज्यान लिए ।

यस घटनापछि अभिभावक 'छोराहरु' माथि खनिन थाले । सूचना सरल र सहज पहुँचमा गइरहेको समयमा हरेकसँग मोबाइल हातहातमा छ । कुनै पनि ठाउँमा भएको घटना क्षणभरमा हरेक नागरिककोमा पुग्छ । अझ बलात्कारसम्बन्धी समाचार झनै द्रूतगतिमा फैलिन्छ । इनिसाको घटना घर-घरमा पुग्यो ।

जिल्ला प्रहरी कार्यालय सुर्खेतले उनको बलात्कारपछि मृत्यु भएको पुष्टि गर्‍यो । प्रहरीले चारजनालाई पक्राउ गरी कर्तव्य ज्यान तथा जबरजस्ती करणी मुद्दामा अनुसन्धान अगाडि बढाएको छ । पक्राउ पर्ने उमेरले १५, १६ र १७ वर्षका रहेका छन् । कानुनतः नाबालक भए पनि कडा भन्दा कडा कारवाहीको माग गर्दै सडकदेखि सामाजिक सञ्जालमा विरोध भइरहेको छ ।

अभियुक्त नाबालक भएका कारणले यो घटनापछि घरघरका छोरामाथि अभिभावकले अर्को प्रहार सुरु गरेको देखिन्छ । भिडियो देखाएर छोरालाई 'तँ पनि यस्तै हुने होला', 'आफ्नै साथीको बलात्कार गर्ने होला', 'साथीको लहैलहैमा लाग्दा के हुन्छ देखिस्' लगायतका गाली फेसबुक तथा टिकटकमा बढी देखिएको छ । यो पनि अर्को हिंसाका स्वरुप हो । यो छोरामाथिको हिंसा हो ।

कतिपय महिला पीडितमाथि नै आरोप लगाएर बसिरहेका देखिन्छन् । तर उत्तिकै पुरुष पीडितको न्यायको लागि सडकमा चिच्याइरहेका हुन्छन् । सदियौंदेखि चल्दै आएको सतीप्रथाले चन्द्रशमशेरको हृदय छियाछिया पारेको थियो । तब न उनले महिलाले बाँच्न पाउनुपर्छ भनेर सतिप्रथाको विरोध गरे । पुरुष हुँदैमा अपराधी करार गर्नु पनि अर्को अपराध हो । जो हामीले गरिरहेका छौं।

सदियौंदेखि चल्दै आएको सतीप्रथाले चन्द्रशमशेरको हृदय छियाछिया पारेको थियो । तब न उनले महिलाले बाँच्न पाउनुपर्छ भनेर सतिप्रथाको विरोध गरे । पुरुष हुँदैमा अपराधी करार गर्नु पनि अर्को अपराध हो ।

यस्तो किन हुन्छ ?

पितृसत्तात्मक संरचनामा पुरुषलाई बढी स्वतन्त्रता र शक्ति दिइएको छ । अर्को महिलालाई नियन्त्रण र मर्यादाभित्र राख्ने प्रवृत्ति देखिन्छ । धर्म, परम्पराका आधारमा महिलालाई मर्यादामा बाँध्ने गरिदै आएको छ । तर यही संरचनाले पुरुषमा 'अधिकार सम्पन्न' को भाव बढाइएको छ । जसले उनीहरुका कतिपय गलत व्यवहारलाई समेत सामान्य बनाईदिएको हुन्छ ।

त्यसैले जब बलात्कारजस्तो अपराध हुन्छ । मानिस सिधै पुरुषतर्फ औंला उठाउन थाल्छन् । अर्को जब यस्ता संवेदनशील र पीडादायक घटना सार्वजनिक हुन्छन् । मानिस भावनात्मक रूपमा आक्रोशित हुन्छन् । त्यो आक्रोश व्यक्त गर्ने सबैभन्दा सजिलो माध्यम भनेको पुरुष लक्षित आक्रमण गर्नु हो । के सबै छोरा दोषी हुन् ? पक्कै पनि होइनन् । सबै पुरुषलाई एउटै रूपमा दोष दिनु अन्यायपूर्ण हुन्छ । त्यसकारण यो संरचना पुरुषका लागि पनि घातक छ । यसले सकारात्मक सोच भएका र जिम्मेवारपुरुषकोयोगदानलाईओझेलमा पार्छ । त्यसैले समस्या पुरुष होइन । समस्या गलत सोच, खराब संस्कार र कानुनी डरको अभाव हो । सचेत गराउने र गर्ने तरिका यो पनि बिल्कुल सहि होइन । बलात्कारको घटना प्रायः पुरुषबाटै हुँदै आइरहेको कारणले पनि घरका पुरुष सदस्य यस खालका शंकाको घेरामा पर्छन् ।

तर अपराध लिङ्गले गर्ने होइन, अपराधिक मानसिकता कुनै पनि लिङ्ग भएकोसँग हुन्छ । हामीले बिर्सन नहुने पक्ष के हो भने । बलात्कारपछि हत्या भएका पीडितका पक्षमा सडकदेखि सदनसम्म बुलन्द आवाज उठाउने पुरुषलाई बिर्सन हुँदैन ।

सिकाइको प्रभावकारिता

छोरालाई गाली गरेर बलात्कार कम हुँदैन । जसरी विभिन्न घटनाबाट छोरीलाई जोगिनको लागि सिकाइन्छ त्यसरी नै अपराध हुन र गर्नबाट छोरालाई पनि सचेत गर्नुपर्छ । यसको लागि परिवार, विद्यालय र समाज सबैले मिलेर काम गर्नुपर्छ । घरमै सिकेको व्यवहार नै उत्तम सिकाइ हो । यो सिकाइ जीवनभर रहन्छ ।

भूकम्प पीडित अझै असुरक्षित, निर्माणका लागि माग



काँक्रेविहार संवाददाता
जाजरकोट, १० चैत

तीन वर्षअघि गएको भूकम्पपछि पनि जाजरकोटका पीडितहरू अझै सुरक्षित आवासविहीन रहँदा उनीहरू आक्रोसीत बनेका छन् ।

राष्ट्रिय विपद जोखीम न्युनिकरण तथा व्यवस्थापन प्राधिकरणले जिल्ला स्तरमा आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा पीडितहरूले तत्काल घर पुनर्निर्माण सुरु गर्न माग गरेका थिए ।

कार्यक्रममा प्राधिकरणका कार्यकारी प्रमुख इन्जिनियर दिनेशप्रसाद भट्टले हालसम्म भएका पुनर्निर्माण प्रयासको जानकारी दिँदै भने जिल्लाबाट माग आएपछि एक हप्ताभित्रै रकम पठाउन तयार छौं ।

सबै काम सरकारी नियमअनुसार मात्र गरिने भएकाले कार्यविधि उल्लङ्घन गरेर अघि बढ्न सकिन्न ।

जाजरकोटका प्रमुख जिल्ला अधिकारी राजुप्रसाद पौडेलले भने, स्थानीय तहका प्रमुखहरूको पर्याप्त सहभागिता नभएकोमा दुःख व्यक्त गरे ।

प्राधिकरणसँग प्राविधिक जनशक्तिको अभाव भएको र लाभग्राहीको विवरण सही ढंगले नपठाउँदा रकम निकासा हुन नसकेको उनको भनाइ थियो ।

कार्यक्रममा भेरी-१ का मनोज विकले भने हामी तीन वर्षसम्म टहरामा बस्दै आएका छौं, सरकारले हेरेको छैन ।

कार्यक्रम मात्र होइन, घर पुनर्निर्माण तुरुन्त सुरु हुनुपर्छ ।

नलगाड नगरपालिकाका प्रमुख डम्बरबहादुर रावतले पनि लामो समय छलफलमै मात्र लाग्दा काम ढिलाइ भएको र अब सबैको सहकार्यमा कार्य अघि बढाउनुपर्नेमा जोड दिए ।

नागरिक समाज जाजरकोटका संयोजक राजेन्द्र विक्रम शाहले भने, सधैं बैठक र गोष्ठीमा मात्र नअल्झी, तत्काल काममा लाग्नुपर्छ । मृतक परिवारका घरहरूबाट पुनर्निर्माण सुरु गरिनुपर्छ ।

प्राधिकरणका उपसचिव सुरेश सुनारले तीन तहको सरकारको समन्वय र सहकार्यबिना नागरिकको आवास निर्माण असम्भव हुने भएकाले सबै पक्षले एक जुट भएर काम अघि बढाउनुपर्नेमा जोड बताए ।

पशुपालन सेवा शुल्क वृद्धि, किसान र स्थानीयको आपत्ति

काँक्रेविहार संवाददाता
कालिकोट, १० चैत



रास्कोट नगरपालिकाले कृषि र पशुपालनसँग सम्बन्धित सेवा शुल्क वृद्धि गरेको छ । नगरपालिकाका अनुसार, पछिल्लो समय कृषि र पशुपालनमा सेवा माग बढेकाले र आन्तरिक राजस्व सुधारको आवश्यकताका कारण यस्तो निर्णय गरिएको हो ।

नगरपालिकाको पशु शाखाको प्रस्तावअनुसार बन्ध्याकरण, घाउ ड्रेसिङ, पशुको बच्चा अड्केको अवस्था, थुनेल परीक्षण, गोबर परीक्षण तथा अन्य नमूना परीक्षणमा नयाँ शुल्क निर्धारण गरिएको छ ।

नयाँ शुल्क प्रणाली अनुसार बोका बन्ध्याकरणको शुल्क ५० रुपैयाँ, राँगा-साढे १०० रुपैयाँ, कुकुर र विरालो बन्ध्याकरण २५० रुपैयाँ, घोडा-खच्चड ५०० रुपैयाँ र सुगुर-बंगुर ३५० रुपैयाँ तोकिएको छ ।

यसैगरी, घाउ ड्रेसिङका लागि राँगो-भैसी ३५०, गाई-गोरु २५०, बंगुर-सुंगुर २००, कुकुर-विरालो २००, भेडा-बाख्रा १००, जंगली जनावर ५००, सबैखाले जंगली पन्छी ५० र घरपालुवा पन्छी २० रुपैयाँ शुल्क लाग्ने व्यवस्था गरिएको छ ।

नगरसभाले पशुको बच्चा अड्किएको अवस्थामा भैंसीको १५००, गाई ५०० र भेडा-बाख्रा ४०० रुपैयाँ शुल्क तोकेको छ ।

गाई-भैसीको गोबर परीक्षणको शुल्क ५०, भेडा-बाख्राको २०, सुगुर-बंगुर ३० र घरपालुवा पन्छीको १० रुपैयाँ तोकिएको छ ।

थप रूपमा, गाई, भैसी, राँगा, भेडा, बाख्रा, कुकुर, विरालो, सुगुर-बंगुर र पन्छीहरूको नमूना परीक्षणको लागि न्यूनतम १० रुपैयाँदेखि अधिकतम २५० रुपैयाँसम्म शुल्क लाग्ने व्यवस्था गरिएको छ ।

नगरपालिकामा दुईवटा व्यावसायिक कालिज फर्म रहेका छन् र सबै वडामा घरपालुवा पशुपन्छी रहेका कारण कृषकले सेवा लिन सजिलो छ ।

तर कृषक जय तिरुवाले निःशुल्क सेवा दिनुपर्नेमा यसरी उच्च शुल्क तोकिनु समस्या भएको बताएका छन् । उनका अनुसार शुल्क वृद्धि गर्दा किसानमाथि आर्थिक भार पर्छ र सेवाको पहुँच सीमित हुन सक्छ ।

एमाले नेता दयाराम सिम्खाडाले स्थानीय सरकारले नागरिकमाथि करको भार बढाउने काम गर्नु उपयुक्त नभएको टिप्पणी गरेका छन् ।

उनले बार्षिक राजस्व बृद्धि देखाउन कृषकमाथि शुल्क बढाउनु राम्रो अभ्यास नभएको उल्लेख गर्दै, नगरपालिकाले कृषक र स्थानीयवासीको सहजता र आर्थिक अवस्था ध्यानमा राखेर नीति बनाउनुपर्ने सुझाव दिएका छन् ।

नगरपालिकाले भने, शुल्क प्रणालीले आन्तरिक राजस्व बढाउने साथै पशुपालन र कृषि सेवाको गुणस्तरीयता सुनिश्चित गर्ने उद्देश्य राखेको छ ।

अधिकारीहरूले भविष्यमा कृषकका आवश्यकता, इन्धन मूल्य, सेवा खर्च र जनसंख्या वृद्धिलाई ध्यानमा राखेर शुल्कमा समायोजन गरिने जानकारी दिएका छन् ।

चार महिनादेखि हाकिम विहीन तिला

काँक्रेविहार संवाददाता
जुम्ला, १० चैत



जुम्ला जिल्लाको तिला गाउँपालिका विगत चार महिनादेखि प्रमुख प्रशासकीय अधिकृतविहीन बनेपछि गाउँपालिकाको दैनिक कामकाज प्रभावित भएको छ । सरुवा भएर गएका प्रमुख प्रशासकीय अधिकृतको स्थानमा नयाँ कर्मचारी नआएपछि प्रशासनिक तथा वित्तीय कामहरू अवरुद्ध भएका हुन् ।

गाउँपालिका अध्यक्ष मोतीलाल रोकायाका अनुसार प्रशासकीय अधिकृत नहुँदा सम्पन्न भइसकेका योजनाको भुक्तानीसमेत रोकिएको छ । साथै, फागुन महिनादेखि कर्मचारीहरूको तलब निकासा हुन नसकेको उनले बताए । गाउँपालिकाले सम्बन्धित मन्त्रालयलाई पटक-पटक पत्र पठाएर प्रमुख प्रशासकीय अधिकृत पठाइदिन अनुरोध गरे पनि हालसम्म कुनै सुनुवाइ नभएको गुनासो गरिएको छ ।

मन्त्रालयले भने नयाँ सरकार गठन भएपछि मात्र अधिकृत पठाउने जानकारी दिएको अध्यक्ष रोकायाको भनाइ छ । यसअघि कार्यरत प्रमुख प्रशासकीय अधिकृत सुरेश भट्टराई गत माघको दोस्रो साता सरुवा भएका थिए। त्यसयता गाउँपालिका प्रशासन प्रमुखविहीन हुँदा सेवा प्रवाहमा समस्या थपिएको छ ।

बाँकेमा कच्चापदार्थ अभाव, उद्योग संकटमा

काँक्रेविहार संवाददाता
बाँके, १० चैत



मध्यपूर्व एसियामा बढ्दो तनावका कारण कच्चापदार्थ आयात प्रभावित हुँदा बाँकेका उद्योगहरू संकटमा परेका छन् ।

कच्चा सामग्रीको आपूर्ति घटेसँगै उत्पादनमा कमी आएको छ भने केही उद्योग बन्द हुने अवस्थासम्म पुगेका छन् ।

अन्तर्राष्ट्रिय बजारमा कच्चा पदार्थको मूल्य करिब ४० प्रतिशतले बढेपछि उद्योगीहरू थप मर्कामा परेका छन् ।

विशेषगरी प्लास्टिकजन्य उद्योगमा प्रयोग हुने 'प्लास्टिक दाना' अभाव हुँदा प्याकेजिङ, पाइप, पानीका बोतल, हेल्मेट, कुर्ची तथा अन्य सामग्री उत्पादनमा प्रत्यक्ष असर परेको छ ।नेपालगन्ज उद्योग वाणिज्य सङ्घका एसोसिएट सदस्य तथा स्टार पोलिपाइपका प्रबन्ध निर्देशक कमल कार्कीका अनुसार कच्चा पदार्थ नआउँदा उत्पादन घटिरहेको छ ।

कच्चा पदार्थ रोकिँदा उद्योग सञ्चालन नै कठिन बन्दै गएको छ, उनले बताए । उत्पादन घटेसँगै कर्मचारी व्यवस्थापनसमेत चुनौतीपूर्ण बनेको उनको भनाइ छ ।

त्यस्तै, सङ्घका वरिष्ठ उपाध्यक्ष चिरञ्जीवी ओलीले भारतले आफ्नै बजारमा अभाव हुन नदिन पेट्रोकेमिकल सामग्रीको निर्यातमा कडाइ गरेपछि नेपाली उद्योग प्रभावित भएको बताए ।

उनका अनुसार यसको असर दैनिक उपभोग्य वस्तु उत्पादनमा समेत देखिन थालेको छ ।

यद्यपि नेपालगन्ज भन्सार कार्यालयका सूचना अधिकारी पवित्रकुमार खड्काले भने कच्चा सामग्रीको आपूर्ति सामान्य रहेको दाबी गरेका छन् ।

उनका अनुसार तेल, ग्यास लगायत अन्य औद्योगिक कच्चा पदार्थको आयात नियमित रूपमा भइरहेको छ । बाँके देशकै प्रमुख औद्योगिक क्षेत्रमध्ये एक हो ।

यहाँका उद्योगहरूले लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा पनि योगदान पुऱ्याउँदै आएका छन् ।

तर वर्तमान अन्तर्राष्ट्रिय परिस्थितिले उद्योग क्षेत्रमा अनिश्चितता बढाएको छ

बालुवाटार छाड्ने प्रधानमन्त्री कार्कीको सुरसार

काँक्रेविहार संवाददाता
काठमाडौं, १० चैत

प्रधानमन्त्री सुशीला कार्कीले बालुवाटारस्थित सरकारी निवास छोड्ने तयारी थालेकी छन् । उनले आफ्ना सबैजसो सामान निजी निवास धापासी सारिसकेको उनको सचिवालयले जनाएको छ । आगामी शुक्रबार रास्वपा वरिष्ठ नेता बालेन्द्र शाह (बालेन) ले प्रधानमन्त्रीको शपथ लिएपछि कार्की स्वतः पदमुक्त हुनेछिन् । नयाँ प्रधानमन्त्रीलाई शुक्रबार राष्ट्रपति भवनमा स्वागत गरेपछि कार्की त्यहींबाट निजी निवासतर्फ लाग्ने छिन् ।

'अब बालुवाटारमा दुई-तीन दिन बस्नलाई चाहिने सामान मात्रै बाँकी छन्, १३ गते नै धापासी सर्नुहुन्छ' प्रधानमन्त्री कार्कीका प्रेस सल्लाहकार रामबहादुर रावलले बताए ।

आठ महिनामा ६० प्रतिशत मात्र राजस्व संकलन

काँक्रेविहार संवाददाता
कैलाली, १० चैत

टीकापुर नगरपालिका-९ स्थित सत्ती भन्सार कार्यालयले चालु आर्थिक वर्षको आठ महिनामा कुल लक्ष्यको ६० प्रतिशत राजस्व सङ्कलन गरेको छ ।

कार्यालयले यस वर्ष रु १५ करोड ८४ लाख ४९ हजार राजस्व उठाउने लक्ष्य राखेकोमा फागुनसम्म रु ९ करोड ६२ लाख ४१ हजार मात्र सङ्कलन भएको छ ।

अब बाँकी चार महिनामा ४० प्रतिशत राजस्व उठाउनुपर्ने चुनौती देखिएको छ । कार्यालय प्रमुख चक्रबहादुर सोनीका अनुसार सबैभन्दा कम साउन महिनामा लक्ष्यको ४९.१७ प्रतिशत मात्र राजस्व सङ्कलन भएको थियो ।

उक्त महिनामा रु १ करोड २८ लाख ९० हजार लक्ष्य रहेकामा रु ६३ लाख ३७ हजार मात्र उठेको थियो । यता मङ्सिर महिनामा भने लक्ष्यभन्दा बढी राजस्व सङ्कलन भएको छ ।

१ करोड २१ लाख १० हजार लक्ष्य रहेकामा रु १ करोड ६७ लाख ७४ हजार (१३८.५१ प्रतिशत) राजस्व उठाइएको थियो ।

असोज, मङ्सिर, पुस र माघमा लक्ष्यभन्दा बढी राजस्व उठेको भए पनि साउन, भदौ, कात्तिक र फागुनमा लक्ष्य पूरा हुन सकेको छैन ।

भन्सार प्रमुख सोनीले बाँकी चार महिनामा लक्ष्य पूरा हुने विश्वास व्यक्त गर्दै आयातको अवस्थाले राजस्व सङ्कलन निर्धारण हुने बताए ।

उनले खुला सिमानाका कारण हुने चोरीपैठारीले राजस्व सङ्कलनमा चुनौती थपिएको उल्लेख गरे। साथै भन्सारको स्तरोन्नति र क्वारेन्टाइन स्थापना भए भविष्यमा राजस्व उल्लेख्य वृद्धि हुने उनको भनाइ छ ।

गत आर्थिक वर्षमा सत्ती भन्सारले लक्ष्यको ११९ प्रतिशत राजस्व सङ्कलन गरेको थियो । त्यसअघि भने लगातार तीन वर्ष लक्ष्य हासिल हुन सकेको थिएन । यस वर्ष पनि लक्ष्य भेट्न बाँकी अवधिमा थप सक्रियता आवश्यक देखिएको छ ।

पानी हाम्रो जीवनमा नभइ नहुने अमुल्य वस्तु हो । त्यसैले हामी सबैले स्वच्छ पानी प्रयोग गरौं ।

Government of Nepal
Ministry of Water Supply
Department of Water Supply and Sewerage Management
Water Supply and Sewerage Management Office
Surkhet

Invitation of Bids

Date of Publication: 11th Chaitra 2082 (25th March 2026)

Water Supply and Sewerage Management Office, Surkhet invites only electronic bids from eligible and qualified bidders for the following works.

S.N.	Contract No.	Descriptions of Works	Bid Security Amounts (NRs.)	Bid Fee (NRs.)	Remarks
1.	NCB/05/WSSMO/SKT /082-83	Construction of Narayan Municipality Waste Water Management Project, Narayan Municipality-1, Dailekh	6,50,000/-	5,000/-	

The detail notice can be accessed from www.bolpatra.gov.np/egp

Office Chief

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

जलवायु परिवर्तन सम्बन्धी समुदायमा सचेतना कार्यक्रम

काँक्रेविहार संवाददाता
कालिकोट, १० चैत

भिडिसेफ नेपाल कालिकोटले शुभकालिका गाउँपालिकाका वडा नं. १ देखि ८ सम्म जलवायु परिवर्तनसम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ।

कार्यक्रमअन्तर्गत जलवायु संकट संवेदनशीलता तथा क्षमता मूल्यांकन (CVCA) सम्पन्न गरिएको छ भने समुदायको सहभागितामा जोखिम, संवेदनशीलता र अनुकूलन क्षमताको पहिचान गर्ने काम अघि बढाइएको छ। स्थानीय समुदाय, जनप्रतिनिधि, महिला समूह र युवाहरूलाई समेटेर जलवायु परिवर्तनका असर र त्यसबाट जोगिने उपायबारे सचेतनामूलक गतिविधि सञ्चालन गरिएको छ।

यसले समुदायस्तरमा जलवायु सचेतना वृद्धि हुनुका साथै स्थानीय समस्या पहिचानमा सहयोग पुगेको जनाइएको छ।

भिडिसेफ नेपाल कालिकोटकी अध्यक्ष कल्पना रावलका अनुसार ऋख्ऋब बाट प्राप्त तथ्याङ्कका आधारमा अब प्रत्येक वडाको आवश्यकता अनुसार जलवायु अनुकूलन योजना निर्माण गरिनेछ।

उनले यसले समुदायको सहनशीलता बढाउँदै दीगो विकासमा योगदान पुग्ने विश्वास व्यक्त गरिन्। संस्थाका जलवायु परिवर्तन तथा हरित रोजगार कार्यक्रम संयोजक दमराज सञ्जालले शुभकालिका क्षेत्रमा वर्षा प्रणालीमा परिवर्तन, सुख्खा र प्राकृतिक विपद्का घटना बढ्दै गएको उल्लेख गरे।

उनले यस्ता चुनौतीसँग जुध्न समुदायलाई सक्षम बनाउन कार्यक्रमले महत्वपूर्ण भूमिका खेलिरहेको बताए। गाउँपालिकाभर एकैसाथ कार्यक्रम सञ्चालन हुँदा स्थानीय तहको जलवायु अनुकूलन क्षमता थप सुदृढ हुने र दीर्घकालीन रूपमा समुदायलाई जलवायु जोखिमसँग सामना गर्न सक्षम बनाउने अपेक्षा गरिएको छ।

नगर बसमा ५० प्रतिशत भाडा छुट

काँक्रेविहार संवाददाता
सल्यान, १० चैत

देशकै प्रमुख धार्मिक तथा पर्यटकीय स्थल शारदा नगरपालिका वडा नं. ११ स्थित खैरबाङ भुवनेश्वरी भगवती मन्दिरमा चैते दसैंको अवसरमा भक्तजनको भीड बढ्ने अनुमान गरिएको छ।

यसलाई मध्यनजर गर्दै स्थानीय शारदा नगरपालिकाले मन्दिरसम्म पुग्ने यात्रामा सुविधा प्रदान गर्ने निर्णय गरेको छ।

नगरपालिकाका अनुसार नगर बस सेवामार्फत श्रीनगरबाट खैरबाङ मन्दिरसम्मको यात्रामा ५० प्रतिशत भाडा सहुलियत लागू हुनेछ।

बस सेवा चैत १० देखि १२ गते बिहान ६ बजेबाट मन्दिरको मुख्य अवधिभर सञ्चालन हुने छ। यसअघि बडा दसैंमा पनि यस्तै सुविधा उपलब्ध गराइएको थियो।

नगर प्रवक्ता तथा शारदा-१२ का वडा अध्यक्ष राजेशकुमार शर्माले मन्दिरसम्मको भाडा पहिले १०० रुपैयाँ रहेकोमा अब ५० रुपैयाँमा यात्रा गर्न सकिने जानकारी दिए।

यस सुविधाबाट सल्यान बाहिर वा टाढाबाट आउने भक्तजन र दर्शनार्थीलाई सहज र सस्तो यात्रा उपलब्ध हुने अपेक्षा गरिएको छ।

मन्दिर व्यवस्थापन समितिका अनुसार खैरबाङ भगवती मन्दिरमा हरेक वर्ष करिब दुई लाख भक्तजनले दर्शन गर्ने गर्दछन्।

नेपालका ५१ शक्तिपीठमध्ये एक मानिने यो मन्दिर सल्यान सदरमुकाम खलङ्गाबाट करिब १६ किलोमिटर पूर्व-दक्षिणमा अवस्थित छ।

धार्मिक विश्वासअनुसार सत्ययुगमा महादेवले सत्यदेवीको मृत शरीर बोकेर विश्व भ्रमण गर्दा देवीको बायाँ स्तन पतन भएको मानिन्छ।

मन्दिरमा अर्घाखाँची, गुल्मी, बागलुङ, दाङ, रुकुम, रोल्पा, प्यूठान, दैलेख, सुर्खेत, जाजरकोट, जुम्ला, डोल्पा, कैलाली, बर्दिया, बाँके, कञ्चनपुर, काठमाडौं, ललितपुर, भक्तपुर लगायत देशका विभिन्न भाग र भारतका स्थानबाट समेत भक्तजन आउने गरेका छन्। भक्तजनको विश्वास अनुसार मन्दिरमा पुग्दा क्रोध, लोभ, काम र ईर्ष्या जस्ता दोषबाट मुक्ति प्राप्त हुने बताइन्छ।

पाँच जनाविरूद्ध अख्तियारमा भ्रष्टाचार मुद्दा

काँक्रेविहार संवाददाता
बझाङ, १० चैत

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बझाङको बित्थडचिर गाउँपालिकामा सडक निर्माणका क्रममा भ्रष्टाचार भएको ठहर गर्दै पाँच जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ।

आयोगका अनुसार वडा नं. ९ स्थित बागथला धारी डोबा सडकमा सिँचाइ क्यानल तथा ह्युम पाइप कल्भर्ट निर्माण गर्दा वास्तविक कामभन्दा बढी काम भएको देखाई झुट्टा बिल भरपाईका आधारमा भुक्तानी लिने-दिने कार्य गरिएको थियो।

फिल्डमा काम नभएको वा कम भएको अवस्थामा पनि बढी काम देखाएर सरकारी रकम दुरुपयोग गरिएको आरोप छ।

मुद्दामा तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत चक्रदेव भट्टसहित निर्माणसँग सम्बन्धित अन्य कर्मचारीसमेत प्रतिवादी बनाइएको छ।

उनीहरूमाथि भ्रष्टाचार निवारण ऐन, २०५९ अनुसार कारबाहीको माग गरिएको छ।

आयोगले उनीहरूबाट ८ लाख ४८ हजार ९६२ रुपैयाँ २२ पैसा बिगो कायम गर्दै सोही अनुसार जरिवाना र कैद सजायको माग गरेको छ। साथै उक्त रकम असुल उपर गर्न पनि माग गरिएको जनाएको छ।

सार्वजनिक यातायातको नयाँ भाडादर निर्धारण

काँक्रेविहार संवाददाता
जुम्ला, १० चैत

जुम्लामा सार्वजनिक यातायातमा मनपरी भाडा लिने समस्या रोक्न नयाँ भाडादर निर्धारण गरिएको छ।



स्थानीयको माग र सरकारको नियमअनुसार जिल्ला यातायात दररेट समितिले जिल्ला प्रशासन कार्यालयमा बसेको बैठकमा बस, जिप, भ्यान र अटोका लागि दूरीअनुसार नयाँ भाडा तय गरेको हो। प्रमुख जिल्ला अधिकारी दीपक पौडेलको अध्यक्षतामा बसेको बैठकले इन्धन मूल्य, सडकको अवस्था र सवारी सञ्चालन लागतलाई आधार मानेर भाडा निर्धारण गरेको प्रशासनले जनाएको छ। नयाँ भाडा अनुसार, जुम्ला बजारदेखि उमगाडः ५० रुपैयाँ, तातोपानीः १४० रुपैयाँ, राँकाः १८५ रुपैयाँ, कुँडारीः २३० रुपैयाँ, रारालिहीः २७५ रुपैयाँ, नाम्मः ३८५ रुपैयाँ कायम रहेको छ। अब यातायात व्यवसायीले यात्रु बोक्ने सबै सवारीसाधनमा अनिवार्य टिकटको व्यवस्था गर्नुपर्नेछ। सिट सुरक्षित नभएका कारण समस्या भोगिरहेका ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूका लागि आरक्षण सिट र छुटको व्यवस्था पनि लागू गरिएको छ।

प्रशासनले सिट क्षमताभन्दा बढी यात्रु राख्ने सवारीमा कारबाही गरिने चेतावनी दिएको छ। यसअघि हिमा, सिँजा, तिला र कनकासुन्दरी क्षेत्रका स्थानीयहरूले मनपरी भाडा लिइएको भन्दै प्रशासनमा निवेदन दिएका थिए। सिँजा-हिमा गाउँपालिका-१ का हर्षबहादुर शाहीका अनुसार भाडा पूर्ण सहुलियतयुक्त नहुँदा पनि यसरी निर्धारण हुनु सकारात्मक रहेको छ। साथै, इन्धन मूल्यमा फेरबदल भए भाडा पुनः समायोजन गरिने व्यवस्था राखिएको छ।

तत्काल गाडी भाडा बढाउन व्यवसायीको दबाब, 'पर्ख र हेर' मा सरकार



काँक्रेविहार संवाददाता
काठमाडौं, १० चैत

पेट्रोलियम पदार्थको मूल्यवृद्धिसँगै यातायात व्यवसायीले गाडी भाडा बढाउन यातायात विभागलाई निरन्तर दबाब दिइरहेका छन्। विभागले सार्वजनिक यातायातको भाडा वृद्धि गर्न फाइल उठाएर यातायात मन्त्रालयमा पठाइसकेको छ। तर, मन्त्रालयले भने नयाँ सरकार बन्ने क्रममा रहेको भन्दै भाडा बढाउन पठाएको फाइल मन्त्रालयमा नै राखेको छ।

पेट्रोलियम पदार्थको मूल्य ५ प्रतिशत वा सोभन्दा धेरै बढे वा घटेमा भाडा समायोजन गर्नुपर्ने व्यवस्था रहेको छ। यस्तै, प्रत्येक वर्षको चैत अन्तिममा सरकारले सवारी साधनमा प्रयोग हुने पार्टपुर्जा लगायतको मूल्यलाई हेरेर भाडा समायोजन गर्ने व्यवस्था रहेको छ।

सरकारले भने केही वर्षयता ती वस्तुको मूल्य विश्लेषण गरेर भाडा समायोजन नगरेको व्यवसायीको गुनासो छ।

यातायात व्यवसायीहरूले दर्शैंको बेला भाडा बढाउन माग गरे पनि सरकारले चाडपर्वको बेला भाडा बढाउँदा गलत सन्देश जाने भनेर रोक्दै आएको छ। सरकारको कुरालाई व्यवसायीहरूले पनि मानेर चैत महिनाको अन्तिममा सवारी साधनमा लाग्ने पार्टपुर्जा लगायतको मूल्य हेरेर समायोजन गर्ने भन्दै आएका थिए।

अघिल्लो वर्षको दर्शैंमा बाढी पहिरो गएकाले व्यवसायीले भाडा बढाउन माग गरेका थिएनन् भने यस वर्षको दर्शैंभन्दा अघि जेन-जी आन्दोलन भएका कारणले व्यवसायीले भाडा वृद्धिको माग नै राखेनन्।

३ वर्षदेखि पेट्रोलियम पदार्थको मूल्यमा ५ प्रतिशत वा त्योभन्दा धेरै मूल्य उतारचढाव नभएका कारण भाडा समायोजन नगरिएको बताइएको छ।

यातायात व्यवस्था विभागका महानिर्देशक राजीव पोखरेलले सार्वजनिक यातायातको भाडा समायोजनको प्रस्ताव स्वीकृत भएर मन्त्रालयबाट फिर्ता नआएको बताए।

उनले भने, 'हामीले १ हप्ता अघि नै भाडा समायोजनको लागि फाइल मन्त्रालय पठाएका थियौं। मन्त्रालयबाट त्यो फाइल फिर्ता आएको छैन। नयाँ सरकार बनेपछि मात्रै भाडा समायोजन गर्ने भएर नै मन्त्रालयबाट विभागमा फाइल नआएको होला।

हामीले कति भाडा वृद्धि गर्नुपर्ने हो र त्यसका के-के कारण हुन् भनेर मन्त्रालय पठाएका छौं। अब मन्त्रालयले जे निर्णय गरेर पठाउँछ, हामी त्यही निर्णय कार्यान्वयन गर्छौं।' विभागले तयार पारेको प्रस्तावमा इन्धनको मूल्यलाई मात्र नभई वार्षिक रूपमा सवारी साधनमा लाग्ने खर्चहरू जस्तै टायर, लुब्रिकेन्ट्स, कर, बीमा र अन्य पार्टपुर्जाहरूमा भएको मूल्य वृद्धिलाई आधार मानिएको बताइएको छ।

वैज्ञानिक भाडा दर निर्धारण गर्दा इन्धनको हिस्सा ३५ प्रतिशत र अन्य प्रशासनिक तथा प्राविधिक खर्चको हिस्सा ६५ प्रतिशत मान्ने गरिएको छ। नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका कार्यवाहक अध्यक्ष सरोज सिटौलाले सार्वजनिक यातायातको भाडा समायोजनको विषयमा सरकार र कर्मचारीतन्त्रले गैर जिम्मेवार व्यवहार देखाएको आरोप लगाए। उनले भने, 'विभागका कर्मचारीहरू विवादमा परिन्छ कि भन्ने डरले आफूले गर्नुपर्ने काम पनि मन्त्रालयमा पठाउन थाले। वैज्ञानिक भाडा समायोजनको अधिकार विभागलाई नै दिइएको छ। तर, विभाग आफू निर्णय नगरी मन्त्रालयमा फाइल पठाएर के गर्न खोजेको हो ?

यो विभाग लुते भएर र कसैलाई खुसी पार्नका लागि मात्र गरिएको नाटक हो। केन्द्र र प्रदेशको यातायात मन्त्रालय तथा विभागले पनि सार्वजनिक यातायातको कुरा बुझ्न सकेनन्।'

सरकारले आफ्नो प्रणाली नचलाउने तर त्यसको दोष र मार व्यवसायीमाथि थुपार्ने काम गरिरहेको सिटौलाले टिप्पणी गरे। अन्तर-प्रदेश भाडा समायोजन गर्ने अधिकार हुँदाहुँदै पनि मन्त्रालयले के उद्देश्य राखेर फाइल रोकेको बुझ्न नसकेको उनको भनाइ छ।

नेपाल ट्रक यातायात व्यवसायी महासंघका अध्यक्ष राजेन्द्र विक्रम बानियाँ पनि ३ वर्षदेखि भाडा समायोजन हुन नसकेको बताउँछन्।

उनले भने, 'यातायात व्यवस्था विभागसँगको सहमति अनुसार पेट्रोलियम पदार्थको मूल्य वृद्धि हुँदा भाडा बढ्ने र घट्दा स्वतः घट्नुपर्ने अटोमेटिक प्रणाली भए तापनि २०७९ सालदेखि भाडा समायोजन प्रक्रिया अघि बढेको छैन। नयाँ मन्त्री आएपछि गर्ने भनेर फाइल अड्काइएको छ।

विभागको अधिकार क्षेत्र भित्र पर्ने विषयलाई मन्त्रालय पुऱ्याएर अल्झाउनु राम्रो होइन।' कानुन सम्मत र वैज्ञानिक प्रणाली अनुसार हुनुपर्ने भाडा समायोजनलाई रोकेर व्यवसायीलाई घाटामा राख्नु राज्यको कमजोरी भएको उनले बताए।

पिनासका लक्षणहरू:

- नाक बन्द हुनु, नाकबाट श्वास फेर्न गाह्रो हुनु र टाउको दुख्नु,
- आँखाको अगाडी र तलको भाग दुख्नु,
- नाकको छेउछाउ र अनुहार छोएपछि दुख्नु,
- विहानको समयमा टाउको बढी दुख्नु,
- सुँघ्ने शक्ति कमजोर हुनु,
- नाकबाट बाक्लो, पहेँलो सिँगान बग्नु,
- थकान महसुस हुनु, टाउको भारी र शरीर आलस्य हुनु आदी।

लक्षण देखिएमा नजिकको स्वास्थ्य चौकिमा जाँच गराऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५११३४४७५४/९८५८०५०५०५, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)